नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
Kamaladi, Kathmandu, Nepal
+977-01-4247020
+977-01-4241237
mail@nefinsco.com
www.nefinsco.com

च.नं. - ६७/०७७/७८

मिति: २०७७।०४।१६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ

श्री प्रभु क्यापिटल लि.
कमलादी , काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड
जाउलाखेल, ललितपुर ।

श्री सि.डि.एस एण्ड क्लियरिङ्ग प्रा.लि.
थापाथलि काठमाण्डौ ।

**विषय : शेयर दाखिल खारेज (Book Close )कार्य बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

यस बित्तीय संस्थाको मिति २०७७ ०४ १६ गते बसेको सन्चालक समितिको ३२५ औं बैठकको निर्णयानुसार संस्थाको मिति २०७७ भाद्र ११ गते हुन गइरहेको बिगत ८ आ.ब.को बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७/०४/२६ गते एक दिनको लागि संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिल खारेज (Book Close )कार्य बन्द गरिने निर्णय भएको ब्यहोरा शेयरधनी लगायत सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारीका लागि अनुरोध गर्दछौ ।

संलग्न : संस्थाको संचालक समितिको ३२५ औ बैठकको संम्बन्धित निर्णयको उतार थान १

भवदीय ,

Nepal Finance Limited
NEFINSCO Corporate Office Kathamndu 2049

उध्दबराज थपलिया

प्रमुख कार्यकारी अधिकृत

# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"

Kamaladi, Kathmandu, Nepal
+977-01-4247020
+977-01-4241237
mail@nefinsco.com
www.nefinsco.com


च.नं.- ६८/०७७/७८

मिति: २०७७०४।१६

श्री नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन बिभाग,
बालुवाटार, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड
जाउलाखेल, ललितपुर ।

श्री कम्पनी रजिष्टारको कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ

श्री प्रभु क्यापिटल लि.
कमलादी कठमाडौ ।

श्री नेपाल राष्ट्र बैंक
वित्त कम्पनि सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाण्डौ ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री सि.डि.एस एण्ड क्लियरिङ्ग प्रा.लि.
थापाथलि काठमाडौ ।

विषय : वार्षिक साधारणसभाको जानकारी तथा आमन्त्रण सम्बन्धमा ।

महाशय,

यस वित्तीय संस्थाको **बिसौ, एक्काइसौ ,बाइसौ,तेइसौ,चौबिसौ,पच्चिसौ , छब्बिसौ तथा सत्ताइसौ** साधारणसभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सोको जानकारीका साथै तहाँबाट एकजना प्रतिनिधि पठाईदिनु भई सो सभाको गरीमा बढाईदिनु हुन समेत हार्दिक अनुरोध गर्दछौ ।

**सभा हुने स्थान, मिति र समय**

मिति : २०७७ साल भाद्र ११ गते (तदनुसार २७ अगष्ट २०२० ) बिहिबार ।

स्थान : एल्लो प्यागोडा होटल कान्तिपथ काठमाडौ ।

समय : विहान ११:०० बजे ।

**विषय सूची**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.व.०६८/६९ का लेखा परिक्षक सुन्दर एण्ड कम्पनी चार्टर्ड एकउन्टेन्टस , आ.व. ०६९/७० ,०७० ७१ , ०७१ ७२ को लेखा परिक्षक एन अमात्य एण्ड कम्पनी चार्टर्ड एकउन्टेन्टस , आ.व. ०७२/७३ , आ.व. ०७३/७४ , आ.व. ०७४/७५ का बस्याल एण्ड एसोसियट्स चार्टर्ड एकउन्टेन्टस र आ.व. ०७५/७६ का लागि एम खनाल एण्ड कम्पनी बाहयलेखा परिक्षकमा नियुक्त हुनुभएकको मा निजहरुको नियुक्ती अनुमोदन गर्ने तथा निजहरुको पारिश्रमिक समेत अनुमोदन गर्ने ।

३. लेखापरिक्षण प्रतिवेदन सहितको आ.व.०६८/६९, ०६९/७० ,०७०/७१ , ०७१/७२ , ०७२/७३ ,०७३/७४ ,०७४/७५ र ०७५/७६ का वासलात , नाफा नोक्सान हिसाब, तथा नगद प्रवाह लगायतको विस्तृत  बिबरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी  पारित गर्ने ।

४. आ.व. ०७६/७७ को लागि लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखा परिक्षक नियुक्ति गर्ने तथा सोको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिमा स्वतन्त्र संचालक तथा सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने रिक्त रहेको संचालक पदमा बाँकी कार्यकालका लागि गरिएको संचालकको  नियुक्तीलाई  अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. वित्तिय संस्थाको अधिकृत पूंजी रु. १००,००,००,०००/-(अक्षरेपी एक अरब मात्र) रहेकोमा जारी तथा चुक्ता पूंजी(मिति २०७४ फागुन २९ गतेको विषेश साधारणसभा बाट पारित हकप्रद शेयर बाँडफाँड पश्चात) रु. ३०,५५,५१,१२५/-(अक्षरेपी तिस करोड पचपन्न लाख एकाउन्न हजार एक सय पच्चिस मात्र)  बाट बृध्दि गरी रु. ८४,०२,६५,५९४/-(अक्षरेपी चौरासी करोड दुई लाख पैसाठ्ठी हजार पाँच सय चौरानब्बे मात्र)  पुऱ्याउन १:१.७५ (एक बराबर एक दशमलब सात पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने र सोहि बमोजिम प्रबन्धपत्र नियमावली संसोधन गर्ने ।

२. वित्तिय संस्थाले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा एक्विजिसन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने र गाभिने तथा एक्विजिसन, गर्ने सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र गाभ्ने र गाभिने तथा एक्विजिसन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तिय संस्थाको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने सम्वन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगतकट्टा, आबश्यक संसोधन/परिमार्जन लगायत गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तिय संस्थाको बिशेषसाधारण सभाबाट पारित अन्य प्रस्तावहरु समेत निरन्तरता सहित अनुमोदन गर्ने र संस्थाको नाम, लोगो परिवर्तन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६. वित्तिय संस्थालाई आबश्यक पर्ने अन्य निति नियमहरु संसोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. विविध ।

भवदिय,

सागर प्रजापती

प्रबन्धक/कम्पनि सचिब

Nepal Finance Limited
NEFINSCO Corporate Office
Kathamndu
2049

उध्दवराज थपलिया

प्रमुख कार्यकारी अधिकृत